२०८२

# समुदायमा आधारित रोग निगरानी प्रणालीको सहजकर्ता निर्देशिका

नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

स्वास्थ्य सेवा विभाग

ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

टेकु, काठमाडौं

**समुदायमा आधारित रोग निगरानी प्रणालीको सहजकर्ता निर्देशिका २०८२**

सर्वाधिकार © नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

**सर्वाधिकार सुरक्षित**

यो निर्देशिकाको कुनै पनि अंश नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको लिखित अनुमति लिएर मात्र मुद्रण वा उत्पादन गर्न पाइने छ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
......................महाशाखा

फोन नः ०१-४२६१७१२
०१-४२६१४३६
पचली, टेकु
काठमाडौं, नेपाल



## मन्तव्य

नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागले देशभर "समुदायमा आधारित रोग निगरानी निर्देशिका २०८२"लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने लक्ष्य सहित समुदायमा आधारित रोग निगरानी प्रणाली कार्यान्वयनको सुरुवात गरेको छ। यस प्रणालीको उद्देश्य समुदायमा देखिने अनपेक्षित जनस्वास्थ्य घटना, लक्षण समूह र रोगहरूलाई शीघ्र पहिचान गरी आवश्यक सूचना संकलन, प्रमाणीकरण, जोखिम मूल्याङ्कन, समयमै प्रतिवेदन र प्रतिकार्य गर्नु हो।

यस सहजकर्ता निर्देशिकाको प्रयोगबाट सहजकर्ताज्यूहरूले स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका र समुदायका सरोकारवालाहरूलाई आफ्ना जिम्मेवारीहरू र गर्नुपर्ने कार्यहरू स्पष्ट बुझाउन सक्ने र समन्वयात्मक रूपमा अगाडि बढ्न सहजीकरण गर्ने अपेक्षा गरेको छु। तीनै तहका सरकार, पशु स्वास्थ्य, शिक्षा, खानेपानी, खाद्य गुणस्तर जस्ता अन्य क्षेत्रसँगको बहुक्षेत्रीय समन्वयले प्रणालीलाई अझ प्रभावकारी बनाउनेछ भन्ने विश्वास लिएको छु।

समुदायमा आधारित रोग निगरानी प्रणालीको सफल कार्यान्वयनले समग्र जनस्वास्थ्य सुरक्षामा दिगो सुधार ल्याउने दृढ विश्वास लिएको छु।

अन्त्यमा यो सहजकर्ता निर्देशिका विकासमा नेतृत्व गर्नुहुने ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, संघीय निर्देशक समिति सदस्यज्यूहरू, तथा सहयोग गर्नुहुने युनिसेफ, PHRD Nepal लगायत सम्पूर्णमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु।


२०८२ पौष

...................................
डा. केशर बहादुर ढकाल
महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

फोन नः ०१-४२६१७१२
०१-४२६१४३६
पचली, टेकु
काठमाडौं, नेपाल

प सं
च नं



## मन्तव्य

समुदायमा आधारित रोग निगरानी प्रणाली नेपालको जनस्वास्थ्य सुरक्षाको एक महत्त्वपूर्ण माइलस्टोन हो। सन् १९९६ मा प्रारम्भिक रोग निगरानी प्रणाली (EWARS) सुरु भएदेखि हालसम्म नेपालले बिफर र पोलियो जस्ता रोग नियन्त्रणमा ऐतिहासिक उपलब्धि हासिल गरेको छ। तर संक्रामक रोगको स्वरूप, गतिशीलता र अन्तर्राष्ट्रिय स्वास्थ्य चुनौतीहरू बदलिँदै गइरहेका छन्। यस सन्दर्भमा समुदायमै देखिने अनपेक्षित जनस्वास्थ्य घटनाहरूको प्रारम्भिक पहिचान र तुरुन्त प्रतिवेदनले मात्र महामारी रोकथाम सम्भव हुन्छ।

यस सहजकर्ता निर्देशिकाले सहजकर्ताहरूलाई स्वास्थ्यकर्मी र स्वयंसेविकाहरूको ज्ञान र सीपमा वृद्धि गरी आत्मविश्वास प्रदान गर्न सहयोग गर्ने छ। महाशाखाले स्वास्थ्य सेवा विभागको नेतृत्वमा समुदायमा आधारित रोग निगरानी प्रणालीलाई सुदृढ बनाउँदै तीनै तहका सरकार, समुदाय र सरोकारवाला संस्थाहरूसँग सहकार्य गर्ने नै छ। समुदाय स्तरमा खटिने स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका आम नागरिकको सामुहिक अपनत्वले यस प्रणालीलाई सुदृढ गरी जनस्वास्थ्य सुरक्षा बलियो बनाउने छ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, यो सहजकर्ता निर्देशिका निर्माणमा निरन्तर रुपमा मार्गनिर्देशन प्रदान गरिदिनुहुने श्रीमान् महानिर्देशकज्यू, निरन्तर रुपमा खटिनुहुने हुने रोग निगरानी तथा अनुसन्धान शाखाका प्रमुख हेमराज पाण्डे लगायतको टीम, संघीय प्राविधिक समिति सदस्यहरू र सहयोगी निकाय युनिसेफ तथा PHRD नेपाल लगायत सम्पूर्णमा हार्दिक धन्यवाद तथा आभार प्रकट गर्न चाहन्छु।

२०८२ पौष

डा. रोशन न्यौपाने
निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

फोन नः ०१-४२६१७१२
०१-४२६१४३६
पचली, टेकु
काठमाडौं, नेपाल

प सं
च नं



## मन्तव्य

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आ.व. २०८२/८३ देखि सातै प्रदेशका केही जिल्ला तथा स्थानीय तहहरूबाट समुदायमा आधारित रोग निगरानी प्रणाली को सुरुवात गर्दैछ। यस सहजकर्ता निर्देशिकाको मुख्य उद्देश्य समुदायमा आधारित रोग निगरानी प्रणालीबारे सबै तहमा साझा बुझाइ र एकीकृत प्रयास सुनिश्चित गर्नु हो। समुदायस्तरमा देखिने अनपेक्षित जनस्वास्थ्य घटना, लक्षण समूह र रोगहरूको समयमै पहिचान र प्रतिवेदनले मात्र शीघ्र प्रतिकार्य सम्भव हुन्छ।

हामी सबैको समन्वयात्मक प्रयासले नेपालमा समुदायमा आधारित रोग निगरानी प्रणालीको प्रभावकारी कार्यान्वयन गर्न सकिन्छ र यो प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गर्दा मात्र समुदायमा स्वास्थ्य सुरक्षा बलियो र दिगो बन्न सक्दछ भन्ने विश्वास लिएको छु। रोग निगरानी तथा अनुसन्धान शाखाको तर्फबाट म सबै स्वास्थ्यकर्मीहरूलाई यो सामग्री ध्यानपूर्वक अध्ययन गरी व्यवहारमा उतार्न र समयमै सूचना सम्प्रेषणमा सक्रिय हुन हार्दिक आग्रह गर्दछु।

अन्त्यमा यो प्रशिक्षक विकासमा नेतृत्व प्रदान गरिदिनुहुने श्रदेय महानिर्देशकज्यू श्रीमान् निर्देशकज्यूलाई हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु। यो सन्दर्भ सामग्री विकासमा मार्गदर्शन प्रदान गर्नुहुने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका महाशाखा प्रमुखज्यूहरू, शाखा प्रमुखज्यूहरूलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु। यसै गरी यो सामग्री विकासमा सहयोग पुऱ्याउनुहुने विभाग र केन्द्रका शाखा प्रमुखज्यूहरू, अधिकृतज्यूहरू, संघीय प्राविधिक समिति सदस्यज्यूहरू तथा साझेदार निकायहरू युनिसेफ तथा PHRD नेपाल लगायत सम्पूर्णमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु।

२०८२ पौष

.......................
हेमराज पाण्डे
शाखा प्रमुख, रोग निगरानी तथा अनुसन्धान शाखा

# विषयसूची


समुदायमा आधारित रोग निगरानी प्रणालीको अभिमुखीकरण कार्यक्रमको जानकारी 1

परिचय 1

अभिमुखीकरणको लक्ष्य 1

अभिमुखीकरणको उद्देश्यहरू 1

अभिमुखीकरण कार्यक्रमका लक्षित सहभागीहरू 2

अभिमुखीकरण कार्यक्रमका सहजकर्ताहरू 2

सहजकर्ता संख्या 3

सहभागीहरूको संख्या 3

अभिमुखीकरणको अवधि 3

अभिमुखीकरण सहजीकरणका विधिहरू 3

अभिमुखीकरण सामग्रीहरू 3

अभिमुखीकरण सञ्चालन गर्दा आवश्यक पर्ने सामग्रीहरूको सूची (प्रति ब्याच) 3

अभिमुखीकरण सञ्चालन हुने स्थान 4

अभिमुखीकरण कार्यक्रमको अनुगमनमूल्याङ्कन , 4

समुदायमा आधारित रोग निगरानी प्रणालीको अभिमुखीकरण (समुदाय) कार्यतालिका 4

समुदायमा आधारित रोग निगरानी प्रणालीको अभिमुखीकरण (स्वास्थ्यकर्मी) कार्यतालिका 5

अभिमुखीकरण सत्र योजना 7

उद्घाटन सत्र 11

सत्रका उद्देश्यहरू 11

सत्रका अपेक्षित प्रतिफलहरू 11

सत्र योजना 11

सञ्चालन प्रक्रिया 12

पाठ १ रोग निगरानी प्रणाली 14
१.१ सत्रका उद्देश्यहरू 14
१.२ सत्रका अपेक्षित प्रतिफलहरू 14
१.३ सत्र योजना 14
१.४ सञ्चालन प्रक्रिया 15
पाठ २ समुदायमा आधारित रोग निगरानी प्रणाली 17
२.१ सत्रका उद्देश्यहरू 17
२.२ सत्रका अपेक्षित प्रतिफलहरू 17
२.३ सत्र योजना 17
२.४ सञ्चालन प्रक्रिया 18
पाठ ३ अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षण समूह तथा रोगहरू 20
३.१ सत्रको उद्देश्य 20
३.२ सत्रको अपेक्षित प्रतिफल 20
३.३ सत्र योजना 20
३.४ सञ्चालन प्रक्रिया 21
पाठ ४ अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षण समूह तथा रोगहरू सूचित गर्ने तरिकाहरू 23
४.१ सत्रका उद्देश्यहरू 23
४.२ सत्रका अपेक्षित प्रतिफलहरू 23
४.३ सत्र योजना 23
४.४ सञ्चालन प्रक्रिया 24
पाठ ५ सूचना प्रणाली 26
५.१ सत्रका उद्देश्यहरू 26

५.२ सत्रका अपेक्षित प्रतिफलहरू 26
५.३ सत्र योजना 26
५.४ सञ्चालन प्रक्रिया 27
पाठ ६ अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण 30
६.१ सत्रका उद्देश्यहरू 30
६.२ सत्रका अपेक्षित प्रतिफलहरू 30
६.३ सत्र योजना 30
६.४ अनुगमनका सूचकहरू 30
६.५ तहगत भूमिका 31
समापन सत्र 32
सत्रका उद्देश्यहरू 32
सत्रका अपेक्षित प्रतिफलहरू 32
सत्र योजना 32
सञ्चालन प्रक्रिया 32
अनुसूची १ घटना अध्ययनहरू 34
कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धी जानकारी 38

# समुदायमा आधारित रोग निगरानी प्रणालीको अभिमुखीकरण कार्यक्रमको जानकारी

## परिचय

संक्रामक रोगहरू तथा अनपेक्षित जनस्वास्थ्य घटनाहरूको शीघ्र पहिचान तथा प्रारम्भिक प्रतिकार्य गर्न रोग निगरानीले प्रणालीले अत्यन्त महत्त्वपूर्ण भुमिका निर्वाह गर्दछ। समुदायको संलग्नता, समन्वय र सहभागितामा संक्रामक रोगहरू जस्तै हैजा, इन्फ्लुन्जा, डेङ्गी, औलो, कोभिड-१९, कालाजार, पोलियो आदिको समयमै पहिचान गरी सम्बन्धित निकायमा सूचित गर्ने प्रणाली विकास र विस्तार गर्नका लागि समुदायका आम नागरिक, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी तथा सम्बन्धित सरोकारवालाहरूलाई रोग निगरानी सम्बन्धि विषय वस्तुहरूको उपयुक्त ज्ञान सहित जिम्मेवारी र भूमिका बारे महसुस गराउन यो अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको हो।

## अभिमुखीकरणको लक्ष्य

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको "समुदायमा आधारित रोग निगरानी निर्देशिका २०८२" ले परिकल्पना गरेको समुदायमा आधारित रोग निगरानी प्रणालीलाई संस्थागत रूपले सञ्चालन गर्न सहभागीहरूको ज्ञान र सीप अभिवृद्धि गरी दायित्वबोध सहित अनपेक्षित जनस्वास्थ्य घटनाहरू, शीघ्र सूचित गर्नुपर्ने रोगका लक्षणहरू तथा रोगहरूको समयमै पहिचान, प्रतिवेदन तथा प्रतिकार्य सुनिश्चित गराउनु यस अभिमुखीकरणको मुख्य लक्ष्य रहेको छ।

## अभिमुखीकरणको उद्देश्यहरू

*यस अभिमुखीकरणको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन्।*

क) रोग निगरानी प्रणालीको परिचय र उद्देश्यबारे व्याख्या गर्न

ख) समुदायमा आधारित रोग निगरानी प्रणालीको उद्देश्य र महत्त्व बताउन

ग) रोग निगरानीका लागि अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षणहरू तथा रोगहरू पहिचान गर्न

घ) रोग निगरानीका लागि अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षणहरू तथा रोगहरू सूचित गर्न

ङ) रोग निगरानीमा समुदायको भूमिका र जिम्मेवारी वर्णन गर्न

च) रोग निगरानीका लागि अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षण समूह तथा रोगहरूको लागि विद्यमान सूचना प्रणाली SORMAS मा प्रविष्टि गर्न र प्रमाणीकरण गर्न

छ) रोग निगरानीका लागि अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षण समूह तथा रोगहरूको लागि विद्यमान सूचना प्रणाली SORMAS प्रयोग गर्न तथा फलोअप गर्न

(नोटः उद्देश्य च) र छ) स्वास्थ्यकर्मीहरूको लागि मात्र)

## अभिमुखीकरण कार्यक्रमका लक्षित सहभागीहरू

क)स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरू (सम्बन्धित स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएका)

ख)महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधीहरू, शिक्षक, विद्यालय नर्स, समाजसेवी/जनसमुदाय, परम्परागत उपचारकर्ता (धामी, झाँक्री, वैद्य आदि), धर्म गुरू, पशु स्वास्थ्यकर्मी, सञ्चारकर्मी, युवाक्लब, आमा समूह, सहकारीका सदस्य, सुरक्षाकर्मी, सामुदायिक प्रथम स्वास्थ्य प्रतिकार्यकर्ता, खेलकुद सहजकर्ता/खेलाडी लगायत आम नागरिक

** सम्बन्धित स्थानीयतह / वडासँग समन्वय गरी माथि उल्लेखित अनुसारका सहभागीहरू छनोट गर्नुपर्नेछ।*

## अभिमुखीकरण कार्यक्रमका सहजकर्ताहरू

यस विषयको २ दिने सहजकर्ता प्रशिक्षण तालिम लिएका निम्न व्यक्तिहरू अभिमुखीकरण कार्यक्रमका सहजकर्ताहरू हुनेछन्।

क)स्थानीय तहका स्वास्थ्य विभाग/महाशाखा/ शाखा प्रमुख र अन्य स्वास्थ्य अधिकृतहरू,

ख)प्रदेश स्वास्थ्य विषय हेर्ने मन्त्रालय, निर्देशनालय, तालिम केन्द्र, स्वास्थ्य कार्यालयका अधिकृतहरू

ग) संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, विभाग, महाशाखा, केन्द्रका अधिकृतहरू

घ) महामारी विज्ञान तथा रोग निगरानी विषयका अनुभवी विज्ञहरू

## सहजकर्ता संख्या

क)प्रति समूह २ जना (समुदायका सरोकारवालाहरूको समूहमा)

ख)प्रति समूह ३ जना (स्वास्थ्यकर्मीहरूको समूहमा)

## सहभागीहरूको संख्या

प्रति समूह ३० देखि ३५ जना सहभागीहरू

## अभिमुखीकरणको अवधि

क)स्वास्थ्यकर्मीहरूको समूहका लागि २ दिन

ख)महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका लगायत समुदायका सरोकारवालाहरूका लागि १ दिन

## अभिमुखीकरण सहजीकरणका विधिहरू

क)अन्तरक्रियात्मक प्रस्तुतीकरण

ख)समूहमा छलफल

ग) घटना अध्ययन

घ) सीप अभ्यास

## अभिमुखीकरण सामग्रीहरू

क) सहजकर्ता निर्देशिका (Facilitator guide),

ख) सन्दर्भ पुस्तिका (Reference Manual)

ग) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका लागयत समुदायका लागि हाते पुस्तिका (Hand Book)

घ) स्तरीकृत PowerPoint Slides

## अभिमुखीकरण सञ्चालन गर्दा आवश्यक पर्ने सामग्रीहरूको सूची (प्रति ब्याच)

क)ल्यापटप १, प्रोजेक्टर १, प्रोजेक्टर स्क्रिन १, स्लाइड चेन्जर १, प्रस्तुतीकरण १, मार्कर २, चार्टपेपर १, कलम ३५, कापी ३५, स्टाप्लर १, पन्चिङ मेसिन १, रेकर्ड फाइल २, फ्लिप

चार्ट/न्युज प्रिन्ट ५०, मेटाकार्ड ५०, मास्किङ टेप १, फोटोकपी पेपर १० , सन्दर्भ पुस्तिकाहरू ३०, सहजकर्ता निर्देशिका २

## अभिमुखीकरण सञ्चालन हुने स्थान

क)तोकिएको संख्याका सहभागी र सहजकर्ता सजिलोसँग बस्न मिल्ने उपयुक्त स्थान

ख)आवश्यक कुर्ची, टेबल जस्ता फर्निचर, कक्षाकोठा सामग्रीहरू तथा उपकरणहरू व्यवस्थापन गर्न सकिने फराकिलो तालिम हल भएको

ग) पानी तथा शौचालयको सुविधा भएको र अन्य आवश्यकता अनुसार भएको

घ) स्वास्थ्यकर्मीहरूको हकमा इन्टरनेटको सुविधा भएको — दोस्रो दिन

## अभिमुखीकरण कार्यक्रमको अनुगमन, मूल्याङ्कन

क) मुड चार्ट

ख)सत्र सञ्चालनका क्रममा गरिने प्रश्नोत्तर

ग) दैनिक पुनरावलोकन, सारांश र समीक्षा

घ) अभिमुखीकरण मूल्याङ्कन तथा पृष्ठपोषण फारम

## समुदायमा आधारित रोग निगरानी प्रणालीको अभिमुखीकरण (समुदाय) कार्यतालिका

| समय | विषय | विधि /सहजीकरण |
|---|---|---|
| ३० मिनेट | नाम दर्ता | उपस्थिति नामदर्ता |
| | परिचय, स्वागत मन्तव्य तथा अभिमुखीकरणको उद्देश्य | आयोजक |
| प्राविधिक सत्र | | |
| ३० मिनेट | रोग निगरानी प्रणाली | अन्तरक्रियात्मक प्रस्तुतीकरण |
| ३० मिनेट | समुदायमा आधारित रोग निगरानी प्रणाली | अन्तरक्रियात्मक प्रस्तुतीकरण |
| १५ मिनेट | ब्रेक | |
| ४५ मिनेट | अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षणहरू | अन्तरक्रियात्मक प्रस्तुतीकरण |

| | | |
|---|---|---|
| ४५ मिनेट | अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षणहरू सूचित गर्ने तरिकाहरू | अन्तरक्रियात्मक प्रस्तुतीकरण |
| ४५ मिनेट | खाजा / खाना | |
| ९० मिनेट | अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षण समूह पहिचान तथा सूचित गर्ने तरिकाहरू तथा समुदायको भूमिका र जिम्मेवारी | समूह छलफल<br>घटना अध्ययन<br>प्रस्तुतीकरण र सार संक्षेप |
| ३० मिनेट | सामुहिक प्रतिवद्धता, संक्षेपीकरण र समापन | |

## समुदायमा आधारित रोग निगरानी प्रणालीको अभिमुखीकरण (स्वास्थ्यकर्मी) कार्यतालिका

| समय | विषय | विधि / सहजीकरण |
|---|---|---|
| **पहिलो दिन** | | |
| ३० मिनेट | नाम दर्ता | उपस्थिति नाम दर्ता |
| | परिचय, स्वागत मन्तव्य तथा अभिमुखीकरणको उद्देश्य | आयोजक |
| प्राविधिक सत्र | | |
| ३० मिनेट | रोग निगरानी प्रणाली | अन्तरक्रियात्मक प्रस्तुतीकरण |
| ३० मिनेट | समुदायमा आधारित रोग निगरानी प्रणाली | अन्तरक्रियात्मक प्रस्तुतीकरण |
| १५ मिनेट | ब्रेक | |
| ४५ मिनेट | अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षण समूह तथा रोगहरू | अन्तरक्रियात्मक प्रस्तुतीकरण |
| ४५ मिनेट | खाजा / खाना | |
| ४५ मिनेट | अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षण समूह तथा रोगहरू सूचित गर्ने तरिकाहरू | अन्तरक्रियात्मक प्रस्तुतीकरण |

| | | |
|---|---|---|
| ९० मिनेट | अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षण समूह तथा रोगहरू पहिचान तथा सूचित गर्ने तरिकाहरू तथा समुदायको भूमिका र जिम्मेवारी | समूह छलफल<br>घटना अध्ययन<br>प्रस्तुतीकरण र सार संक्षेप |
| ३० मिनेट | पहिलो दिनको संक्षेपीकरण र समापन | |
| **दोस्रो दिन** | | |
| १५ मिनेट | पहिलो दिनको पुनरावलोकन | |
| ३० मिनेट | रोग निगरानीका लागि प्रतिवेदन गर्ने सूचना प्रणाली | अन्तरक्रियात्मक प्रस्तुतिकरण |
| १५ मिनेट | ब्रेक | |
| ९० मिनेट | रोग निगरानीका लागि प्रतिवेदन गर्ने सूचना प्रणालीको प्रस्तुतिकरण | प्रयोगात्मक प्रस्तुतिकरण |
| ४५ मिनेट | ब्रेक | |
| ३० मिनेट | जनस्वास्थ्य घटनाको प्रमाणीकरण, पुष्टि र प्रतिकार्य | अन्तरक्रियात्मक प्रस्तुतिकरण |
| ६० मिनेट | रोग निगरानीका लागि प्रतिवेदन गर्ने सूचना प्रणालीको अभ्यास | घटना अध्ययन, सीप अभ्यास |
| १५ मिनेट | ब्रेक | |
| ३० मिनेट | अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण | अन्तरक्रियात्मक प्रस्तुतिकरण |
| ३० मिनेट | दोस्रो दिनको संक्षेपीकरण र समापन | |

# अभिमुखीकरण सत्र योजना

| समय | उद्देश्य | मुख्य विषयवस्तु | आवश्यक सामग्री | विधि | कैफियत |
|---|---|---|---|---|---|
| **दिन १ (समुदाय र स्वास्थ्यकर्मीका लागि)** | | | | | |
| **सत्र १ उद्घाटन सत्र** | | | | | |
| ३० मिनेट | सहभागीलाई स्वागत गर्दै समुदायमा आधारित रोग निगरानी प्रणालीसँग परिचित गराउने, अभिमुखीकरणको उद्देश्य र अपेक्षा स्पष्ट पार्ने तथा आपसी परिचय मार्फत सहभागितामूलक वातावरण सृजना गर्ने | स्वागत, आसन ग्रहण, परिचय, उद्घाटन मन्तव्य, अभिमुखीकरण को उद्देश्य र प्रक्रिया, उद्घाटन समापन | Registration sheet, Agenda, Projector, माइक | नाम दर्ता, औपचारिक सम्बोधन, प्रस्तुतीकरण | |
| **सत्र २ प्राविधिक सत्र** | | | | | |
| **पाठ १ रोग निगरानी प्रणाली** | | | | | |
| ३० मिनेट | रोग निगरानीको परिचय, विगत वर्तमान अवस्था, उद्देश्य र महत्त्व तथा सञ्चालित रोग निगरानी प्रणालीका बारेमा जानकारी प्रदान गर्ने | परिचय, विगत तथा वर्तमान अवस्था, उद्देश्य र महत्त्व, नेपालमा सञ्चालित रोग निगरानी प्रणालीहरू | सन्दर्भ सामग्री, माईक, Projector | छलफल, प्रश्नोत्तर, प्रस्तुतीकरण | |
| **पाठ २ समुदायमा आधारित रोग निगरानी प्रणाली** | | | | | |
| ३० मिनेट | समुदायमा आधारित रोग निगरानी प्रणालीको परिचय, उद्देश्य महत्त्व तथा प्रणालीमा समुदायका सदस्यको सहभागिताको महत्त्वका | परिचय तथा उद्देश्य र महत्त्व, समुदायको सहभागिता, समुदायमा आधारित रोग | सन्दर्भ सामग्री, माईक, Projector | छलफल, प्रश्नोत्तर, प्रस्तुतीकरण | |

| समय | उद्देश्य | मुख्य विषयवस्तु | आवश्यक सामग्री | विधि | कैफियत |
|---|---|---|---|---|---|
| | बारेमा व्याख्या गर्दै समुदायमा आधारित रोग निगरानीमा प्रयोग गरिने प्रणालीको परिचय प्रदान गर्ने | निगरानीका लागि सूचना प्रणाली | | | |
| १५ मिनेट | ब्रेक | | | | |
| **पाठ ३ अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षण समूह तथा रोगहरू** | | | | | |
| ४५ मिनेट | समुदायका सदस्य तथा स्वास्थ्य संस्था मार्फत प्रतिवेदन गरिने अनपेक्षित जनस्वास्थ्य घटना, रोग तथा रोगका लक्षण समूहका बारेमा परिचित गराउने | अनपेक्षित जनस्वास्थ्य घटनाका उदाहरणहरू, प्रतिवेदन गर्नु पर्ने रोगका लक्षण समूह तथा रोगहरू | सन्दर्भ सामग्री, माईक, Projector, Job Aid, Case Studies | समूह कार्य, केस अध्ययन, विश्लेषण, छलफल, प्रश्नोत्तर, प्रस्तुतीकरण | |
| ४५ मिनेट | खाना/खाजा | | | | |
| **पाठ ४ अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षण समूह तथा रोगहरू सूचित गर्ने तरिकाहरू** | | | | | |
| ४५ मिनेट | अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षण समूह तथा रोगहरू सूचित गर्ने तरिका व्याख्या गर्नुका साथै कसले कुन प्रकारको रोग वा घटना कहाँ रिपोर्ट गर्ने भन्ने बारेमा जानकारी प्रदान गर्ने | हेल्लो स्वास्थ्य १११५, स्वास्थ्य संस्था, सूचना प्रणालीमा प्रविष्ट गर्ने, प्रतिकार्यको सूचना | सन्दर्भ सामग्री, माईक, Projector, Job Aid, Case Studies | प्रयोगात्मक अभ्यास, छलफल, प्रश्नोत्तर, प्रस्तुतीकरण | |

| समय | उद्देश्य | मुख्य विषयवस्तु | आवश्यक सामग्री | विधि | कैफियत |
|---|---|---|---|---|---|
| ९० मिनेट | अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षण समूह तथा रोगहरू पहिचान तथा सूचित गर्ने तरिकाहरू तथा समुदायको भूमिका र जिम्मेवारी | समुदायमा आधारित रोग निगरानी प्रणाली सञ्चालनमा विभिन्न सरोकारवालाहरूको भूमिका | सन्दर्भ सामग्री, माईक, Projector, Job Aid, Case Studies | छलफल, प्रश्नोत्तर, प्रस्तुतीकरण | |
| ३० मिनेट | पहिलो दिनको संक्षेपीकरण र समापन | | | | |
| **दिन २ स्वास्थ्यकर्मीहरूका लागि मात्र** | | | | | |
| १५ मिनेट | पहिलो दिनको पुनरावलोकन | | माईक | छलफल, प्रश्नोत्तर | |
| **पाठ ५ रोग निगरानीका लागि प्रतिवेदन गर्ने सूचना प्रणाली परिचय तथा प्रस्तुतीकरण** | | | | | |
| १२० मिनेट | सहभागीहरूलाई SORMAS प्रणालीको अवधारणा र भागहरू बुझाउनका साथै सूचना प्रविष्ट गर्ने विधि सिकाउने | परिचय, भागहरू, सूचना प्रविष्ट गर्ने विधा, सूचनाको फलो अप तथा प्रयोग र रोग निगरानी र प्रतिकार्यमा प्रणालीको प्रयोग | सन्दर्भ सामग्री, माईक, Projector, SORMAS Application | छलफल, प्रश्नोत्तर, प्रस्तुतीकरण, प्रयोगात्मक अभ्यास | |
| १५ मिनेट | ब्रेक | | | | |
| **पाठ ६ अनुगमन मूल्याङ्कन तथा पृष्ठपोषण** | | | | | |
| ३० मिनेट | अनुगमन मूल्याङ्कन तथा पृष्ठपोषणका लागि प्रयोग गरिने चेकलिष्टका बारेमा जानकारी प्रदान गर्ने र | जिरो प्रतिवेदन, अनुगमनका सूचकहरू, तहगत भूमिका | सन्दर्भ सामग्री, माईक, हाते पुस्तिका | छलफल, प्रश्नोत्तर, प्रस्तुतीकरण | |

| समय | उद्देश्य | मुख्य विषयवस्तु | आवश्यक सामग्री | विधि | कैफियत |
|---|---|---|---|---|---|
| | सो कार्यमा तह गत भूमिकाका बारेमा सहभागीहरूलाई परिचित गराउने | | Projector, अनुगमन चेकलिष्ट | | |
| **सत्र ३ समापन सत्र** | | | | | |
| **३० मिनेट** | सिकाइ सारांश, प्रतिक्रिया संकलन र प्रतिवद्धता अभिव्यक्त गर्ने | पृष्ठपोषण संकलन, आगामी योजना, मन्तव्य | Projector, माइक, मार्कर, चार्टपेपर | छलफल, प्रस्तुतीकरण | |

*सुझाव गरिएको समय विहान १० बजे देखि अपराह्न ४ बजे सम्म*

# उद्घाटन सत्र

## सत्रका उद्देश्यहरू

क) कार्यक्रममा सहभागीहरूको स्वागत गर्ने।

ख) सम्बन्धित सरोकारवालाहरूलाई समुदायमा आधारित रोग निगरानी प्रणालीसँग परिचित गराउने।

ग) अभिमुखीकरणको उद्देश्य प्रक्रिया र अपेक्षा स्पष्ट पार्ने।

घ) सहभागीहरू बीच पारस्परिक परिचय गराउने र सक्रिय सहभागिताको वातावरण सृजना गर्ने।

## सत्रका अपेक्षित प्रतिफलहरू

क) सहभागीहरू बीच आपसी परिचय भई सक्रिय सहभागिताको वातावरण निर्माण भएको हुनेछ।

ख) सरोकारवालाहरू समुदायमा आधारित रोग निगरानी प्रणालीसँग परिचित हुनेछन्।

ग) सहभागीहरूले अभिमुखीकरणको उद्देश्य, संरचना, तथा गतिविधिहरूको रूपरेखा स्पष्ट रूपमा बुझेका हुनेछन्।

## सत्र योजना

| समय | मुख्य विषयवस्तु | विधि | सामग्री |
|---|---|---|---|
| ३० मिनेट | मञ्चमामा प्रमुख अतिथिहरूको स्वागत | नाम दर्ता, औपचारिक सम्बोधन, प्रस्तुतीकरण | Registration sheet, Agenda, माईक, Projector |
| | सहभागीको परिचय सत्र | | |
| | उद्घाटन मन्तव्य | | |
| | अभिमुखीकरण उद्देश्य र प्रक्रिया | | |
| | अध्यक्षको मन्तव्य मार्फत उद्घाटन सत्रको समापन | | |

## सञ्चालन प्रक्रिया

### आगमन र नाम दर्ता

सहभागीहरूलाई कार्यशाला स्थलमा आईपुग्ने बितिकै Registration Sheet हस्ताक्षर गराउनुहोस् र कार्यक्रम एजेन्डा वितरण गर्नुहोस्। Registration Sheet मा उल्लिखित विवरण समावेश गर्नुपर्नेछ।

क)प्रदेश तथा स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्दा समावेश गर्नु पर्ने विवरण

| क.सं. | पुरा नाम | कार्यालय/कार्य क्षेत्र | सम्पर्क नं. | ईमेल ठेगाना | हस्ताक्षर | |
|---|---|---|---|---|---|---|
| | | | | | दिन १ | दिन २ |
| | | | | | | |

ख)महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा समुदायका सरोकारवालाहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दा समावेश गर्नु पर्ने

| क.सं. | पुरा नाम | पालिका | वडा नं. | सम्पर्क नं. | ईमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |

हलमा बस्न सहज वातावरण बनाउनुहोस्।

### परिचयात्मक सत्र

क) सबै सहभागीहरूलाई स्नेह र सम्मान गर्दै अभिमुखीकरण कार्यक्रममा स्वागत गर्नुहोस्।

ख) आफ्नो परिचय र पृष्ठभूमि छोटकरीमा दिनुहोस्।

ग) प्रमुख अतिथि तथा सरोकारवालाहरूलाई स्वागत गर्दै मञ्चमा आसन ग्रहण गर्न अनुरोध गर्नुहोस्।

घ) सहभागीहरूलाई पनि आफ्नो परिचय (आ-आफ्नो नाम, संस्था/कार्य क्षेत्र, कार्य अनुभव) का बारेमा छोटो जानकारी दिन अनुरोध गर्नुहोस्।

सहभागीहरूलाई स्वागत तथा परिचय गराईसकेपछि प्रमुख अतिथि तथा सरोकारवालाहरूलाई उद्देश्य तथा स्वागत मन्तव्यका लागि अनुरोध गर्नुहोस्।

## प्राविधिक सत्र

सहभागीहरूलाई मेटाकार्ड बाँड्नुहोस् र सहभागीहरूले अभिमुखीकरण कार्यक्रमबाट के कस्तो अपेक्षा राखेका छन्, मेटाकार्डमा लेख्न लगाउनुहोस। मेटाकार्डमा लेखिएका अपेक्षाहरूलाई चार्ट पेपरमा टाँस्न लगाउनुहोस् र अपेक्षाहरू अभिमुखीकरणमा कसरी पूरा हुनेछन् भन्नी बुझाउनुहोस्।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

# पाठ १

# रोग निगरानी प्रणाली

## १.१ सत्रका उद्देश्यहरू

क) रोग निगरानी, नेपालमा रोग निगरानीका विगत तथा वर्तमानका क्रियाकलापहरू तथा निगरानीको उद्देश्य र महत्त्व बारेमा परिचित गराउने।

ख) नेपालको विद्यमान रोग निगरानी प्रणालीहरू बारेमा जानकारी गराउने।

## १.२ सत्रका अपेक्षित प्रतिफलहरू

क) रोग निगरानी को परिचय नेपालमा रोग निगरानीको विगत तथा वर्तमान अवस्था, उद्देश्य तथा महत्त्व बारेमा जानकारी प्राप्त गर्नेछन्।

ख) सहभागीहरूले नेपालमा प्रयोग भइरहेको रोग निगरानी प्रणालीहरूको संरचना, प्रक्रिया र उद्देश्यबारे स्पष्ट बुझाई प्राप्त गर्नेछन्।

## १.३ सत्र योजना

<table>
<tr><th>समय</th><th>मुख्य विषयवस्तु</th><th>विधि</th><th>सामग्री</th></tr>
<tr><td>५ मिनेट</td><td>रोग निगरानीको संक्षिप्त परिचय</td><td rowspan="5">छलफल, प्रश्नोत्तर, प्रस्तुतीकरण</td><td rowspan="5">सन्दर्भ सामग्री, माईक, Projector</td></tr>
<tr><td>५ मिनेट</td><td>नेपालमा रोग निगरानी प्रणालीको अवस्था, विगत तथा वर्तमान</td></tr>
<tr><td>५ मिनेट</td><td>रोग निगरानीको उद्देश्य र महत्त्व</td></tr>
<tr><td>१० मिनेट</td><td>नेपालमा सञ्चालित रोग निगरानी प्रणालीहरू</td></tr>
<tr><td>५ मिनेट</td><td>प्रश्नोत्तरको माध्यमबाट सत्रको सारांश</td></tr>
</table>

## १.४ सञ्चालन प्रक्रिया

### १.४.१ रोग निगरानीको संक्षिप्त परिचय

क)सहभागीहरूसँग रोग निगरानी भनेको के हो भन्ने विषयमा छलफल गराउनुहोस्। यसका लागि रोग देखिएको संकेत पहिला कहाँबाट थाहा पाईन्छ ? भन्ने प्रश्न उठाउनुहोस्।

ख)रोग निगरानी तथा रोग निगरानी प्रणाली चक्रलाई व्याख्या गर्नुहोस्।


### १.४.२ नेपालमा रोग निगरानीको विगत तथा वर्तमान अवस्था

नेपालमा रोग निगरानीको विकास क्रम, सञ्चालित प्रणालीहरू (EWARS, SORMAS आदि) को संक्षिप्त परिचय गराउनुहोस्।

### १.४.३ रोग निगरानीको उद्देश्य र महत्त्व


रोग निगरानीका उद्देश्यका विषयमा पनि छलफल गर्नुहोस्।

तलको चित्रलाई व्याख्या गर्दै सुदृढ रोग निगरानी प्रणालीको महत्त्व बारे व्याख्या गर्नुहोस्।




<u>चित्र १: समयमै रोग निगरानी नगर्दा संक्रमण बढेको अवस्था</u>

स्रोत: *A guide to EWARS 2019*




<u>चित्र २:समयमै *रोग* निगरानी गर्दा *रोकथामको अवसर*</u>

स्रोत: *A guide to EWARS 2019*

### १.४.४ निगरानी प्रणालीहरू

सहभागीहरूलाई नेपालमा सञ्चालित रोग निगरानी प्रणाली केके छन्, कहिले कुनै प्रणाली प्रयोग गर्नु भएको छ? भनी सोध्नुहोस्। सो पश्चात् नेपालमा सञ्चालित रोग निगरानी प्रणाली, कार्यान्वयन संस्था तथा प्रणाली मार्फत प्रतिवेदन गर्नका निम्ति समेटिएका रोगहरूको बारेमा जानकारी प्रदान गर्नुहोस्।

**सहभागीहरूलाई समूहमा निम्न प्रश्नोत्तर मार्फत सही उत्तरको सारांश गर्दै सत्रको समापन गर्नुहोस्।**

क)रोग निगरानी किन गर्नु पर्छ?

ख)रोग निगरानीका चरणहरू भन्नुहोस्?

ग) हाल नेपालमा रोग निगरानीका लागि प्रयोग भइरहेका प्रणालीहरू के-के हुन्?

# पाठ २

# समुदायमा आधारित रोग निगरानी प्रणाली

## २.१ सत्रका उद्देश्यहरू

क) समुदायमा आधारित रोग निगरानी प्रणालीको परिचय, अवधारणा तथा उद्देश्य र महत्त्व बारेमा स्पष्ट रूपमा बुझाउने।

ख) प्रणाली सञ्चालन समुदायको सहभागिताको महत्त्व बारेमा जानकारी प्रदान गर्ने।

ग) समुदायमा आधारित रोग निगरानी प्रणालीका बारेमा संक्षिप्त परिचय प्रदान गर्ने।

## २.२ सत्रका अपेक्षित प्रतिफलहरू

क) सहभागीहरूले समुदायमा आधारित रोग निगरानी प्रणालीको परिचय, अवधारणा, उद्देश्य र महत्त्व सम्बन्धी स्पष्ट ज्ञान आर्जन गर्नेछन्।

ख) सहभागीहरू प्रणाली सञ्चालनमा समुदायको सहभागिताको आवश्यकता र महत्त्वबारे अवगत हुनेछन्।

ग) सहभागीहरूले समुदायमा आधारित रोग निगरानीका लागि प्रयोग हुने प्रणालीसम्बन्धी संक्षिप्त जानकारी प्राप्त गर्नेछन्।

## २.३ सत्र योजना

| समय | मुख्य विषयवस्तु | विधि | सामग्री |
|---|---|---|---|
| १० मिनेट | समुदायमा आधारित रोग निगरानी प्रणालीको परिचय तथा अवधारणा | छलफल, प्रश्नोत्तर, प्रस्तुतीकरण | सन्दर्भ सामग्री, माईक, Projector |
| ५ मिनेट | समुदायमा आधारित रोग निगरानी प्रणालीको उद्देश्य र महत्त्व | | |
| ५ मिनेट | समुदायमा आधारित रोग निगरानीमा समुदायको सहभागिता | | |
| ५ मिनेट | समुदायमा आधारित रोग निगरानीका लागि सूचना प्रणाली | | |
| ५ मिनेट | प्रश्नोत्तरको माध्यमबाट सत्रको सारांश | | |

## २.४ सञ्चालन प्रक्रिया

### २.४.१ समुदायमा आधारित रोग निगरानी प्रणालीको परिचय तथा अवधारणा

समुदायमा आधारित रोग निगरानी प्रणालीको परिभाषा तथा प्रणालीका मुख्य विशेषताहरूलाई सरल भाषामा व्याख्या गर्नुहोस्। सो पश्चात् प्रणालीको प्रवाह रेखाचित्र देखाई प्रणाली सञ्चालन विधि सहभागीलाई विस्तृत रूपमा बुझाउनुहोस्। यसो गर्दा सहभागीहरूसँग निरन्तर अन्तरक्रिया तथा छलफल गर्नुहोस्।

साथै सहभागीहरूलाई अनुसूची १ मा उल्लेखित घटना अध्ययनका उदाहरण दिइ सम्पूर्ण जिम्मेवार निकायको भूमिका तथा प्रणाली सञ्चालन प्रक्रिया पनि व्याख्या गर्नुहोस्।

### २.४.२ समुदायमा आधारित रोग निगरानी प्रणालीको उद्देश्य र महत्त्व

समुदायमा आधारित रोग निगरानी प्रणालीको औचित्य व्याख्या गर्दै समुदायमा आधारित रोग निगरानी प्रणालीको उद्देश्य तथा महत्त्वलाई प्रस्ट रूपमा व्याख्या गर्नुहोस्।

### २.४.३ रोग निगरानीमा समुदायको सहभागिता

सत्र प्रारम्भ गर्नु अघि सहभागीहरूसँग समुदायका सदस्यहरूले यस प्रणालीमा निर्वाह गर्ने भूमिकाबारे प्रश्न राख्नुहोस्। साथै, सहभागीहरूले विगतमा रोग निगरानी सम्बन्धी गतिविधिहरूमा गरेका सहभागिताका उदाहरणहरू प्रस्तुत गर्न अनुरोध गर्नुहोस्। विस्तृत छलफल पश्चात् रोग निगरानी कार्यक्रमा समुदायका सदस्यको सहभागिताका बारेमा व्याख्या गर्नुहोस्।

### २.४.४ समुदायमा आधारित रोग निगरानीका लागि सूचना प्रणाली

सहभागीहरूलाई निम्न प्रश्नहरू सोधेर छलफल गर्नुहोस्।

क) तपाईंहरूको कार्यक्षेत्रमा हाल संक्रामक रोग निगरानीका लागि कुन सूचना प्रणाली प्रयोग भइरहेको छ?

ख) रिपोर्ट कहिले, कसरी र कहाँ पठाउनुहुन्छ?

यसपछि सहभागीहरूलाई समुदायमा आधारित रोग निगरानी प्रणालीमा प्रयोग हुने सूचना प्रणालीका बारेमा विस्तृत जानकारी दिनुहोस्।

**<u>सहभागीहरूलाई समूहमा निम्न प्रश्नोत्तर मार्फत सही उत्तरको सारांश गर्दैं सत्रको समापन गर्नुहोस्।</u>**

क) समुदायमा आधारित रोग निगरानी प्रणाली किन आवश्यक छ ?

ख) रोग निगरानी प्रणालीमा समुदायको सहभागिता किन हुनुपर्छ ?

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

# पाठ ३

# अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षण समूह तथा रोगहरू

## ३.१ सत्रको उद्देश्य

क) समुदायमा आधारित रोग निगरानी प्रणाली अन्तर्गत समुदाय तथा स्वास्थ्य संस्था मार्फत प्रतिवेदन गर्ने अनपेक्षित जनस्वास्थ्य घटना, रोग तथा रोगका लक्षण समूहका बारेमा जानकारी प्रदान गर्ने।

## ३.२ सत्रको अपेक्षित प्रतिफल

क) सहभागीहरूले प्रतिवेदन गर्नु पर्ने अनपेक्षित जनस्वास्थ्य घटना, रोग तथा लक्षण समूहका बारेमा जानकारी प्राप्त गर्नेछन्।

## ३.३ सत्र योजना

| समय | मुख्य विषयवस्तु | विधि | सामग्री |
|---|---|---|---|
| ५ मिनेट | Case Studies अध्ययन | समूह कार्य, केस अध्ययन विश्लेषण, छलफल, प्रश्नोत्तर, प्रस्तुतीकरण | सन्दर्भ सामग्री, माईक, Projector, Job Aid, Case Studies |
| ५ मिनेट | केस अध्ययन विश्लेषण तथा प्रश्नोत्तर | | |
| ५ मिनेट | छलफल तथा निष्कर्ष | | |
| ५ मिनेट | समुदायमा आधारित रोग निगरानी प्रणालीमा प्रतिवेदन गरिने अनपेक्षित जनस्वास्थ्य घटनाहरूको उदाहरणहरू | | |
| १० मिनेट | समुदायमा आधारित रोग निगरानी प्रणालीमा प्रतिवेदन गरिने रोगका लक्षण समूह | | |
| १५ मिनेट | समुदायमा आधारित रोग निगरानी प्रणालीमा प्रतिवेदन गरिने रोगहरू | | |

## ३.४ सञ्चालन प्रक्रिया

### ३.४.१ अनपेक्षित जनस्वास्थ्य घटनाहरूः- Case Studies

सहभागीहरूलाई ३ समूहमा (प्रत्येक समूहमा ५ देखी ७ जना हुने गरी) विभाजन गर्नुहोस्। प्रत्येक समूहलाई अनुसूची १ बमोजिमका फरक फरक घटना अध्ययन उपलब्ध गराउनुहोस्। सहभागीहरूलाई निम्न बमोजिमका बुँदालाई मध्यनजर गर्दै घटना अध्ययन तथा विश्लेषण गर्न लगाउनुहोस् र साथै निम्न लिखित प्रश्नहरूको उत्तर खोज्न प्रोत्साहित गर्नुहोस्।

क) कुन-कुन लक्षण वा स्वास्थ्य अवस्था देखा परेको छ?

ख) प्रभावित हुने व्यक्ति को-को हुन्?

ग) घटनाहरू कहिले देखा परेका हुन्?

घ) घटना कहाँ (कुन स्थान वा परिवेशमा) भएको हो?

ङ) कति जना बिरामी भएका छन्?

च) घटनाको कहिले कहाँ र कसरी प्रतिवेदन गर्नु पर्छ?

छ) प्रतिवेदन गर्ने जिम्मेवार निकाय को हुन् ?

ज) प्रतिवेदन गर्दा समावेश गर्नु पर्ने मुख्य र अनिवार्य सूचकहरू के के हुन्?

वृहत् छलफल गराई सहभागीहरूको बुझाई साझा गराउनका लागि सहजीकरण गर्नुहोस् र अनपेक्षित जनस्वास्थ्यका घटनाहरूको उदाहरणलाई पनि प्रस्तुत गर्नुहोस्।

### ३.४.२ रोगका लक्षण समूह

प्रतिवेदन गर्नुपर्ने रोगका लक्षण समूहहरूको परिभाषा र तुरुन्त प्रतिवेदन गर्नु पर्ने अवस्थालाई व्याख्या गर्नुहोस्।

### ३.४.३ रोगहरू (स्वास्थ्यकर्मीहरू सहभागी भएको खण्डमा)

सहभागीहरूलाई सर्वप्रथम शंकास्पद, सम्भावित तथा निश्चित केस को परिभाषा सोध्नुहोस् र सहभागीहरूले दिएको जवाफ मनन गर्दै प्रस्तुतीकरण गर्न थाल्नुहोस्। प्रतिवेदन गर्नु पर्ने रोगहरू, सो रोगका शंकास्पद, सम्भावित तथा निश्चित केस परिभाषा र तुरुन्त रिपोर्ट गर्नु पर्ने अवस्थालाई व्याख्या गर्नुहोस्।

**<u>सहभागीहरूलाई समूहमा निम्न प्रश्नोत्तर मार्फत सही उत्तरको सारांश गर्दै सत्रको समापन गर्नुहोस्।</u>**

क) प्रतिवेदन गर्नुपर्ने कुनै ५ अनपेक्षित जनस्वास्थ्य घटनाहरूको भन्नुहोस्।

ख) प्रतिवेदन गर्नुपर्ने कुनै ५ रोगहरूको लक्षणहरू भन्नुहोस्।

ग) प्रतिवेदन गर्नुपर्ने कुनै ५ रोगहरू भन्नुहोस्।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

# पाठ ४

# अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षण समूह तथा रोगहरू सूचित गर्ने तरिकाहरू

## ४.१ सत्रका उद्देश्यहरू

क) सहभागीहरूलाई अनपेक्षित जनस्वास्थ्य घटना, रोगको लक्षण समूह तथा रोगहरू सूचित गर्ने तरिकाहरू व्याख्या गर्ने।

ख) सहभागीहरूलाई कसले कुन प्रकारका रोग वा घटनाहरू कहाँ रिपोर्ट गर्ने बारे जानकारी दिने।

## ४.२ सत्रका अपेक्षित प्रतिफलहरू

क) सहभागीहरूले अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षण समूह तथा रोगहरूको सूचना प्रवाह प्रक्रिया स्पष्ट रूपमा बुझ्नेछन्।

ख) सहभागीहरूले कसले कुन प्रकारका रोग वा घटनाहरू कहाँ रिपोर्ट गर्ने बारे जानकारी प्राप्त गर्नेछन्।

## ४.३ सत्र योजना

| समय | मुख्य विषयवस्तु | विधि | सामग्री |
|---|---|---|---|
| १० मिनेट | हेल्लो स्वास्थ्य ११११५ मा खबर गर्ने | प्रयोगात्मक अभ्यास, छलफल, प्रश्नोत्तर, प्रस्तुतीकरण | सन्दर्भ सामग्री, माईक, Projector, Job Aid, Case Studies |
| १० मिनेट | स्वास्थ्य संस्था वा स्वास्थ्य कर्मीलाई खबर गर्ने | | |
| १० मिनेट | सूचना प्रणालीमा प्रविष्ट गर्ने | | |
| १० मिनेट | प्रतिकार्यको सूचना प्रवाह | | |
| ५ मिनेट | प्रश्नोत्तरको माध्यमबाट सत्रको सारांश | | |

### ४.४ सञ्चालन प्रक्रिया

सत्रको प्रारम्भ सहभागीहरूलाई निम्न बमोजिमका प्रश्नहरू सोध्नुहोस्।

क) तपाइको समुदायमा कहिलेकाहीँ अचानक धेरै व्यक्तिलाई ज्वरो, झाडा पखाला, वा छालामा बिमिरा/डाबर आएको सुन्नुभएको छ?

ख) यस्ता घटनाहरू को जानकारी आए के गर्नुहुन्छ ? कहिल्यै स्वास्थ्य संस्थामा खबर गर्नुभएको छ? वा स्वास्थ्य संस्था मार्फत प्रतिकार्यका लागि कहाँ सूचना प्रवाह गरिन्छ ?

यसो गर्दा सहभागीहरूलाई सोच्न र अनुभव साझा गर्न प्रेरित गर्छ।

#### ४.४.१ हेल्लो स्वास्थ्य १११५ मा खबर गर्ने

सहभागीहरूलाई हेल्लो स्वास्थ्य १११५ का बारेमा जानकारी भए नभएको यकिन गर्नुहोस्। हेल्लो स्वास्थ्य १११५ का बारेमा प्रस्तुतीकरण मार्फत जानकारी प्रदान गर्नुहोस्। समुदायमा आधारित रोग निगरानी प्रणालीमा हेल्लो स्वास्थ्य १११५ को प्रयोग कसरी गरिन्छ भनी व्याख्या गर्नुका साथै सहभागी मध्यबाट नै एक जनालाई हेल्लो स्वास्थ्य १११५ फोन गर्न लगाई प्रयोगात्मक अभ्यास पनि गराउनुहोस्।

#### ४.४.२ स्वास्थ्य संस्था/स्वास्थ्यकर्मीलाई खबर गर्ने

समुदायमा प्रणालीमा सूचित गर्नु पर्ने अनपेक्षित जनस्वास्थ्य घटना, रोगका लक्षण समूह तथा रोग देखिएमा सोको जानकारी नजिकैको स्वास्थ्य संस्थामा दिनुपर्छ भनी बुझाउनुहोस्। साथै प्रतिवेदन गर्दा प्रयोग गरिने फारम प्रस्तुत गर्दै, फारम मा भर्नुपर्ने विवरणमा बारेमा विस्तृत जानकारी दिनुहोस्।

#### ४.४.३ स्वास्थ्यकर्मीहरूले सूचना प्रणालीमा शीघ्र प्रविष्ट गर्ने

स्वास्थ्यकर्मीहरूले SORMAS प्रणालीमा सूचना प्रविष्ट गर्नुपर्ने दायित्वबारे स्पष्ट जानकारी गराउनुहोस्। SORMAS मा सूचना प्रविष्ट गर्ने तरिकाका बारेमा संक्षिप्त जानकारी दिनुहोस्।

#### ४.४.४ प्रतिकार्यको सूचना प्रवाह

प्रतिकार्यको सूचना SORMAS प्रणाली मार्फत कसरी प्रवाह गरिन्छ भन्ने बारे सहभागीलाई स्पष्ट जानकारी दिनुहोस्।

**सहभागीहरूलाई समूहमा निम्न प्रश्नोत्तर मार्फत सही उत्तरको सारांश गर्दै सत्रको समापन गर्नुहोस्।**

क) हेल्लो स्वास्थ्यमा खबर गर्ने निशुल्क फोन नम्बर कति हो ?

ख) तपाईले खबर गर्ने नजिकको स्वास्थ्य संस्था/स्वास्थ्यकर्मीको हो? *(समुदयका सहभागीलाई सोध्ने र उनीहरूको सम्पर्क नं छ छैन सोध्ने। यदि सम्पर्क नं नभएको खण्डमा सम्पर्क नं प्रदान गर्ने)*

ग) तपाईले सूचना प्रविष्ट गर्ने प्रणाली के के हो ? *(स्वास्थ्यकर्मीलाई सोध्ने)*

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

दोस्रो दिन (स्वास्थ्यकर्मीहरूको समूहका लागि मात्र)

# पाठ ५

# सूचना प्रणाली

## ५.१ सत्रका उद्देश्यहरू

क) सहभागीहरूलाई SORMAS प्रणालीको अवधारणा र भागहरूबारे बुझाउने।

ख) सूचना प्रविष्टि गर्ने तरिका (अनुसूची १ बमोजिमका Case Studies का आधारमा) सिकाउने।

ग) प्रविष्ट गरिएको सूचनाको फलो अप र रोग निगरानी प्रतिकार्यमा सो को उपयोग बारे जानकारी गराउने।

## ५.२ सत्रका अपेक्षित प्रतिफलहरू

क) सहभागीहरूले SORMAS प्रणालीमा सूचना प्रविष्ट गर्न र अद्यावधिक गर्न सक्षम हुनेछन्।

ख) सहभागीहरूले फलो अप, विश्लेषण र प्रतिकार्यका लागि सूचनाको प्रयोग गर्न सक्नेछन्।

## ५.३ सत्र योजना

| समय | मुख्य विषयवस्तु | विधि | सामग्री |
|---|---|---|---|
| १० मिनेट | SORMAS को परिचय | प्रयोगात्मक अभ्यास, छलफल, प्रश्नोत्तर, प्रस्तुतीकरण | सन्दर्भ सामग्री, माईक, Projector, Job Aid, Case Studies |
| १० मिनेट | SORMAS का भागहरू | | |
| ६० मिनेट | सूचना प्रणालीमा प्रविष्ट गर्ने तरिकाहरू (Case Studiesहरू) | | |
| २० मिनेट | प्रविष्ट गरिएको सूचनाको फलो अप तथा प्रयोग | | |
| १० मिनेट | रोग निगरानी र प्रतिकार्य | | |
| १० मिनेट | प्रश्नोत्तरको माध्यमबाट सत्रको सारांश | | |

## ५.४ सञ्चालन प्रक्रिया

सूचना प्रणालीको प्रस्तुतीकरण गर्नुहोस्। प्रतिवेदन गर्ने सूचना प्रणालीको Demo गर्दै व्याख्या तथा प्रस्तुतीकरण गर्नुहोस्। प्रतिवेदन गर्ने सूचना प्रणालीको बारे सहभागीहरूलाई Hands on Practice सहित अभ्यास गर्न लगाउनुहोस्। सहभागीहरूले अभ्यास गर्दा आवश्यक सहयोग गरी दिइएको Case Studies अभ्यास अनुसार निरन्तर अनुशिक्षण गरी थप अभ्यास गर्नका लागि प्रोत्साहित गर्नुहोस्।

**घटना अभ्यास १**: यो एउटा **Acute Gastroenteritis (AGE)** को Event को घटना अभ्यास हो। सहजकर्ताले सहभागीहरूलाई Event module अन्तर्गत EVENT/SIGNAL मा गई Event Create गर्न लगाई विस्तृत विवरणहरू क्रमश Entry गर्न लगाउनुहोस्। जिल्ला र गाउँपालिकाको नाम आफ्नै जिल्ला र गाउँपालिकाको नाम राख्दा पनि हुन्छ। सहभागीहरूलाई Event Title राख्दा Time, Person, र Place distribution विषय नछुट्ने गरी Title राख्न लगाउनुहोस्। जस्तै "रामेछाप जिल्लाको दोरम्भा गाउँपालिका वडा नं ५ मा मिति २०८२।९।१२ देखि हालसम्म १० जना व्यक्तिहरूमा झाडापखालाको समस्या देखिएको छ"।

Event title राखिसकेपछि सो को विस्तृत विवरण description मा राख्नु पर्छ। Title मा राखिएको विवरणलाई थप प्रष्ट पार्ने उद्देश्यले description राख्नु पर्ने हुन्छ। यसै गरी विस्तृत विवरण राख्नुपर्ने भन्ने छैन तर Title सँग आवश्यक थप विवरणहरू उल्लेख गर्नुपर्छ।

Event/signal को प्रथम पृष्ठमा भएका विवरणहरू entry गरे पश्चात् Event Participants को Tab मा गई सम्पूर्ण विरामीहरूको Line list अध्यावधिक गर्न लगाउनुहोस्।काल्पनिक नाम तथा उमेर तथा अन्य विवरणहरू अध्यावधिक गर्न लगाउनुहोस्।सहभागीहरूलाई Add Participant र Line list भन्ने दुबै विकल्पहरूबाट प्रभावित व्यक्तिहरूको विवरण अध्यावधिक गर्न सिकाउनुहोस्। त्यसै गरी सहभागीहरूलाई Bulk import मार्फत participants add गर्न सिकाउनुहोस्। Event Participants लाई Case मा परिवर्तन गर्न सिकाउनुहोस् र Case सँगै Samples को Module पनि सिकाउनुहोस्।

यसै गरी Event Action Tab मा सम्भावित प्रकोप नियन्त्रणका लागि स्वास्थ्यकर्मीहरूले गरेका क्रियाकलापहरूलाई क्रमश एक एक गरी entry गर्न लगाउनुहोस्। दिईएको घटना अभ्याससँग सम्बन्धित केही Event Action हरू निम्नानुसार छन्।

- २ जना ५ वर्षमुनिका बालबालिकाहरूलाई स्वास्थ्य संस्थामा भर्ना गरी उपचार शुरु गरिएको,
- अन्य विरामीहरूलाई घरमै उपचार शुरु गरिएको,
- गम्भीर अवस्थाका बालबालिकाहरूलाई स्वास्थ्य संस्थामा रेफर गरिएको,
- घरमै औषधी वितरण गरिएको, जनचेतनाका क्रियाकलापहरू पनि सञ्चालन गरिएको,

हरेक गरिएको कार्यको कुनै प्रमाण जस्तै मिटिङ् माईनुट, फिल्डमा गरिएका क्रियाकलापको फोटो आदि Documents Tab मा attach गर्न पनि सकिन्छ भन्ने सिकाउन कुनै एउटा काल्पनिक मिटिङ् माईनुट वा कार्य गरिएको फोटो अपलोड गर्न सिकाउनुहोस्।

Event IRA (Initial Risk Assessment) Tab मा घटनाको प्रारम्भिक जोखिम लेखाजोखा गर्न सिकाउनुहोस्। Create tab मा गई केही प्रश्नहरूको क्रमशः हो/होईन भन्ने प्रश्नहरूको जवाफ खोज्न लगाउनुहोस्। दिएको घटना (Signal/Event) अन्तर्गत, घटना सामान्य तथा प्रमाणित गरिएको हो (is the disease/signal/event/cluster usual and verified)? भन्ने प्रश्नमा होईन (No) (एक्कासी १० जनामा झाडापखाला), घटनाको खतराको स्रोत पहिचान भएको छ (Any identified hazard or source of origin)? छ (Yes) (धमिलो पानी र शुद्धीकरण नगरिएको पानी र ढल मिसिएको पानी प्रयोग), Pattern अन्तर्गत यो अपेक्षा गरिए भन्दा बढी हो (is it more than expected)? हो (Yes) (१० जनामा एक्कासी झाडापखाला), Severity अन्तर्गत (has hospitalization and/or death increased over time) ? हो (Yes) (२ जनालाई अस्पतालमा भर्ना गर्नुपर्ने अवस्था) Spread Potential अन्तर्गत थप फैलिने सम्भावना (would a high number of cases and deaths or geographical spread be expected)? छ (घटनामै फैलिने जोखिम उच्च बताईएको), Capacity (Are the capacity for prevention and response, control measures in place)? छ (स्वास्थ्य संस्था र स्थानीय तहले व्यवस्थापन गर्न सक्ने देखिएको छ)। यसरी प्रश्नहरूको जवाफ दिए पश्चात Risk Level “Moderate” देखिन्छ। सहभागीहरूलाई Moderate risk मा कुन तहको **द्रुत प्रतिकार्य टोली**ले कार्य गर्नुपर्छ भन्ने बारे छलफल गर्नुहोस्।

**घटना २**: यो पनि घटना नं १ जस्तै **Fever with Rash** को Event को case study हो। यसमा पनि घटना अभ्यास नं १ जस्तै चरणहरू अपनाई सिकाउनुहोस्। Event Participants हरूको नाम थर तथा अन्य विषयहरू काल्पनिक राखी अभ्यास गराउनुहोस् र छलफल गराउनुहोस्।

**घटना नं ३**: यो घटना अभ्यास **Influenza like Illness (ILI)** को Event हो। यस घटना अभ्यासमा पनि घटना १ जस्तै गरी छलफल तथा सिकाई प्रक्रिया अघि बढाउनुहोस्।

**घटना नं ४**: यो **Acute Hemorrhagic Fever** को Case हो। यस घटना अभ्यासमा Case/Syndromes module अन्तर्गत सबै चरणहरू सिकाउनुहोस्। Case सँग सम्बन्धित काल्पनिक details हरू भर्न लगाउनुहोस्। साथै Samples module र Contact module पनि भर्न सिकाउनुहोस्।

**घटना नं ५**: यो एउटा **Acute Flaccid Paralysis (AFP)** को Case हो। यसमा पनि घटना नं ४ जस्तै Case/Syndrome module सिकाउनुहोस् र छलफल गर्नुहोस्।

**घटना नं ६**: यो एक **Acute Encephalitis Syndrome (AES)** को Case हो। यसमा पनि घटना नं ४ र ५ जस्तै सबै Tab हरू र Samples module पनि भर्न सिकाउनुहोस् र छलफल गर्नुहोस्।

**घटना नं ७**: यो **Fever with Jaundice** को Event हो। यस घटनालाई किन Event को रुपमा सूचित गर्नुपर्छ र के के विषयहरू सूचित गर्नुपर्छ भन्ने विषय घटना नं १ र २ जस्तै गरी सिकाउनुहोस् र छलफल गर्नुहोस्।

**घटना नं ८**: यो **Severe Acute Respiratory Infection** को case हो। यसमा पनि घटना नं ४, ५ र ६ जस्तै Case/Syndromes module सिकाउनुहोस् र छलफल गर्नुहोस्।

# पाठ ६

# अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण

## ६.१ सत्रका उद्देश्यहरू

क) सहभागीहरूलाई समुदायमा आधारित रोग निगरानी प्रणाली कार्यान्वयनको अनुगमन मूल्याङ्कन तथा पृष्ठपोषण गर्न प्रयोग गरिने सूचकहरूको बारेमा जानकारी प्रदान गर्ने।

ख) अनुगमन मूल्याङ्कन तथा पृष्ठपोषण कार्यको तहगत भूमिकाका बारेमा परिचित गराउने।

## ६.२ सत्रका अपेक्षित प्रतिफलहरू

क) सहभागीहरूले सूचकहरूको प्रयोग गरेर अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण गर्न सक्ने सीप हासिल गर्नेछन्।

ख) सहभागीहरूले तहगत (स्थानीय, जिल्ला, प्रादेशिक, संघीय) निकायहरूको भूमिका बुझ्ने र व्यवहारमा लागू गर्न सक्ने क्षमता विकास गर्नेछन्।

## ६.३ सत्र योजना

| समय | मुख्य विषयवस्तु | विधि | सामग्री |
|---|---|---|---|
| १५ मिनेट | शून्य प्रतिवेदन गर्नुपर्ने | प्रयोगात्मक अभ्यास, छलफल, प्रश्नोत्तर, प्रस्तुतीकरण | सन्दर्भ सामग्री, माईक, Projector, Job Aid, Case Studies |
| ३० मिनेट | अनुगमन सूचकहरू | | |
| १५ मिनेट | तहगत भूमिका | | |
| १० मिनेट | प्रश्नोत्तरको माध्यमबाट सत्रको सारांश | | |

## ६.४ अनुगमनका सूचकहरू

समुदायमा आधारित रोग निगरानी कार्यक्रमको अनुगमन प्रक्रियाका बारेमा छलफल चलाउनुहोस् र सहभागीहरूलाई समुदायमा आधारित रोग निगरानी कार्यक्रमको अनुगमनका प्रक्रिया तथा सूचकहरूको प्रयोग बारेमा व्याख्या गर्नुहोस्।

## ६.५ तहगत भूमिका

समुदायमा आधारित रोग निगरानी कार्यक्रमको कार्यान्वयनमा विभिन्न तहको भूमिकाबारे सहभागीहरू बीच मस्तिष्क मन्थन गराउनुहोस्।

प्राप्त उत्तरलाई जोड्दै कार्यान्वयनमा स्थानीय, जिल्ला तथा प्रदेश र संघीय तहको भूमिका बारे प्रस्तुतीकरण गर्नुहोस्।

**सहभागीहरूलाई समूहमा निम्न प्रश्नोत्तर मार्फत सही उत्तरको सारांश गर्दै सत्रको समापन गर्नुहोस् .**

क) शून्य प्रतिवेदन (जिरो रेपोटिंग) गर्नु पर्ने अवस्था र रोग हरू के के हुन् ?

ख) अनुगमन मूल्याङ्कनको लागि तयार गर्नु पर्ने मुख्य सूचक के के हुन् ?

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

# समापन सत्र

## सत्रका उद्देश्यहरू

क) अभिमुखीकरणको क्रममा सिकाइ भएका मुख्य बुँदाहरूको पुनरावलोकन गर्ने।

ख) सहभागीहरूको अनुभव र प्रतिक्रिया संकलन गर्ने।

ग) आगामी कार्यान्वयनका लागि सामूहिक प्रतिबद्धता अभिव्यक्त गराउने।

घ) अभिमुखीकरणलाई औपचारिक रूपमा समापन गर्ने।

## सत्रका अपेक्षित प्रतिफलहरू

क) सहभागीहरूले अभिमुखीकरणबाट प्राप्त प्रमुख सिकाइहरूको पुनरावलोकन गर्नेछन्।

ख) सहभागीहरूको प्रतिक्रिया तथा सुझाव संकलन हुनेछ।

ग) समुदायमा आधारित रोग निगरानी प्रणाली कार्यान्वयनका लागि सामूहिक प्रतिबद्धता व्यक्त हुनेछ।

## सत्र योजना

| समय | मुख्य विषयवस्तु | विधि | सामग्री |
|---|---|---|---|
| ३० मिनेट | अभिमुखीकरण पुनरावलोकन<br>सहभागीहरूको अनुभव/पृष्ठपोषण<br>सामूहिक प्रतिबद्धता<br>समापन मन्तव्य | समूहगत छलफल, प्रश्नोत्तर, औपचारिक सम्बोधन, प्रस्तुतीकरण | मार्कर, माइक, Projector, चार्ट पेपर |

## सञ्चालन प्रक्रिया

सहभागीलाई दिनभर (वा दुई दिनमा) भएका मुख्य विषयहरूको संक्षिप्त सारांश प्रस्तुत गर्न लगाउनुहोस्। सम्पूर्ण सहभागीको बुझाई साझा भएको एकिन गर्नका निम्ति सहभागीका कुरामा थप गर्दै पुनः एकपटक मुख्य विषय वस्तुको सारांश गर्नुहोस्।

इच्छुक सहभागीलाई मौखिक रूपमा अनुभव र सुझाव साझा गर्न प्ररित गर्नुहोस्।

सो पश्चात् सहभागीहरूलाई अभिमुखीकरणमा सिकेको कुरा आफ्नो कार्यक्षेत्रमा कार्यान्वयन गर्नेछौं भनी प्रतिबद्धता अभिव्यक्त गराउन लगाउनुहोस्।

ठूलो चार्ट पेपरमा अगाडि नै **प्रतिज्ञा वाक्य** लेख्नुहोस्:

***"हामी सबै सहभागीहरू समुदायमा आधारित रोग निगरानी प्रणालीलाई आफ्नो कार्यक्षेत्रमा व्यवहारमा उतार्ने प्रतिबद्धता गर्दछौं।"***

प्रतिबद्धताको महत्त्व छोटकरीमा व्याख्या गर्नुहोस्। सबै सहभागीलाई एक-एक गरी अगाडि बोलाएर चार्ट पेपरमा हस्ताक्षर गर्न लगाउने। हस्ताक्षरसँगै नाम र संस्था/ठेगाना पनि लेख्न लगाउनुहोस्। सबैले हस्ताक्षर गरेपछि प्रतिज्ञा वाक्य ठूलो आवाजमा पढ्नुहोस् र सहभागीहरूलाई सामूहिक रूपमा उच्चारण गर्न लगाउनुहोस्।

प्रमुख सरोकारवालाबाट समापन मन्तव्य गराउनुहोस् र सबैलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रमलाई औपचारिक रूपमा समापन गर्नुहोस् र प्रशासनिक कार्य सम्पन्न गर्नुहोस्।

# अनुसूची १

## घटना अध्ययनहरू

### घटना १

असार महिनाको सुरुवातसँगै 'रामेछाप जिल्लाको दोरम्भा गाउँपालिकाको वडा नं. ५ मा लगातार वर्षा भयो। वर्षा सुरु भएको दुई दिनमै गाउँमा १० जना व्यक्तिमा आकस्मिक रूपमा स्वास्थ्य समस्या देखा पर्न थाल्यो। ती सबैमा चौलानी पानीजस्तो तीव्र पखाला, वाकवाकी, उच्च ज्वरो, कमजोरी र जलबियोजनका लक्षण देखिएका थिए। बिरामीमध्ये दुई जना पाँच वर्षमुनिका बालबालिका गम्भीर अवस्थामा पुगेका कारण तत्काल नजिकैको स्वास्थ्य संस्थामा भर्ना गरियो। अन्य बिरामीहरूलाई पनि घरमै ओआरएस र तरल पदार्थ सेवन गरेर लक्षणअनुसार उपचार गर्न स्वास्थ्यकर्मीहरूले सिफारिस गरे। गाउँलेहरूले प्रयोग गर्ने मुख्य खानेपानीको इनार र धारा लगातार वर्षापछि धमिलो भएको थियो, जसलाई धेरै परिवारले उमालेर वा शुद्धीकरण नगरी नै पिउँदै आएका थिए। कतिपय परिवारले सिधै खोला वा ढल मिसिएको पानी प्रयोग गरेको तथ्य पनि देखियो। स्वास्थ्यकर्मीहरू वडामा पुगेपछि बिरामीहरूको घरमै मूल्यांकन गरे, गम्भीर अवस्थामा रहेका बालबालिकालाई स्वास्थ्य संस्थामा रेफर गरे र घरमै रहेका बिरामीलाई आवश्यक औषधि तथा ओआरएस वितरण गरे। साथै, सुरक्षित खानेपानी प्रयोग गर्ने, उमालेर मात्र पानी पिउने, र सरसफाइमा ध्यान दिने बारे समुदायलाई सचेत गराइयो। बिरामी भएका सबै परिवार एउटै बस्तीमा बस्ने र एउटै पानीको स्रोत प्रयोग गर्ने भएकाले समस्या अझ फैलिन सक्ने जोखिम उच्च देखिएको थियो।

### घटना २

फागुन महिनाको दोस्रो हप्तामा रोल्पा जिल्लाको रोल्पा नगरपालिकाको वडा नं. ३ मा स्थानीय विद्यालयका केही विद्यार्थीहरू अचानक बिरामी परे। दुई दिनको अवधिमा कक्षा ६ र ७ का ७ जना विद्यार्थीमा उच्च ज्वरो, टाउको दुखाइ, र शरीर दुख्ने लक्षण देखा पर्‍यो। तीमध्ये ३ जनामा छालामा साना रातो बिबिरा दाग (Rash), आखा रातो, सिगन बग्ने, पनि देखियो। घटना देखापरेपछि विद्यालय प्रशासन र स्वास्थ्यकर्मीहरूले प्रारम्भिक मूल्यांकन गर्न पुगे। विद्यार्थीहरू एउटै कक्षा र समान क्याम्पस भित्र बस्ने भएकाले छिटो फैलन सक्ने सम्पर्कको मात्रा उच्च थियो। प्रारम्भिक मूल्यांकन अनुसार, विद्यालयमा बस्ने

वातावरण र विद्यार्थीहरूको नजिकको सम्पर्क (close contact) संक्रमण फैलिनको मुख्य कारक भएको देखियो।

### घटना ३

माघ महिनाको पहिलो सातामा डडेलधुरा जिल्लाको अमरगढी नगरपालिकाको वडा नं. २ मा चिसो बढेसँगै स्थानीय बस्तीमा केही मानिसहरू अचानक बिरामी परे। दुई दिनको अवधिमा १२ जनामा उच्च ज्वरो र खोकी हुने लक्षण देखा पऱ्यो। प्रारम्भिक मूल्यांकन गर्दा सबै प्रभावित व्यक्तिहरू एउटै बस्तीमा बस्ने र घरभित्र तथा छिमेकीसँग नजिकको सम्पर्कमा रहने भएका कारण, लक्षण छिटो फैलिन सक्ने जोखिम उच्च देखियो। चिसो मौसमका कारण मानिसहरू प्रायः घरभित्र भेला हुने र हावा कम हुने वातावरणले संक्रमणको सम्भावना बढाएको अनुमान गरिएको छ। स्वास्थ्यकर्मीहरूले प्रभावित व्यक्तिहरूको घरमै भ्रमण गरेर ज्वरो र खोकीको निगरानी गरे, गम्भीर लक्षण देखिएका बिरामीलाई स्वास्थ्य संस्थामा रेफर गरे, र घरमै रहेका बिरामीलाई आराम, पर्याप्त तरल पदार्थ सेवन, र आवश्यक औषधि प्रयोगको सल्लाह दिए। बस्तीमा सरसफाइ, भौतिक दूरी कायम गर्ने र भिडभाड कम गर्ने बारे समुदायलाई सचेत गराइएको थियो। प्रारम्भिक मूल्यांकन अनुसार, बस्तीमा नजिकको सम्पर्क, चिसो मौसम, र भित्रै जम्मा हुने वातावरण यस समस्याको मुख्य जोखिम कारक थिए।

### घटना ४

वैशाख महिनाको दोस्रो सातामा रौतहट जिल्लाको गौर नगरपालिकाको वडा नं. ४ मा १२ वर्षका एक बालकलाई अचानक उच्च ज्वरो आयो। केही घण्टाभित्र बालकमा गिजा र नाकबाट रगत बग्ने लक्षण देखा पऱ्यो। साथै, बालकको शरीरका केही भागमा नीलडाम पनि देखिए। घटना देखापरेपछि परिवारले बालकलाई घरमै प्रारम्भिक उपचार गरे, तर गम्भीर रक्तस्राव र निलडामका कारण बालकलाई स्वास्थ्य संस्थामा तुरुन्त रेफर गर्नुपऱ्यो। प्रारम्भिक मूल्यांकन अनुसार, बालकको अवस्था संक्रमण, प्लेटलेट वा रक्तस्राव सम्बन्धी समस्या, पोषणको कमी, घरमा सरसफाइ अवस्था र हालसालै भएको चोट जस्ता जोखिम कारकले गम्भीर बन्न सक्ने देखियो। स्वास्थ्यकर्मीहरूले बालकको घर भ्रमण गरेर साथी—परिवारसँगको सम्पर्क, बालकको गतिविधि र स्वास्थ्य सम्बन्धि विवरण संकलन गरे। परिवारलाई

रक्तस्राव र निलडामका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा पुग्न र घरमा सुरक्षात्मक सावधानी अपनाउन सुझाव दिइयो।

**घटना ५**

फाल्गुन महिनाको अन्तिम सातामा पाल्पा जिल्लाको तानसेन नगरपालिकाको वडा नं. ५ मा १३ वर्षीय एक किशोरीलाई अचानक दायाँ हात र खुट्टा कमजोर हुने र शरीरको एक पक्षमा लुलोपना (paralysis/weakness) देखियो। किशोरी सामान्य अवस्थामा खेल्दै र पढ्दै थिई, तर अचानक उठ्दा पैतालामा र हातमा नियन्त्रण गुमाइरहेकी थिइन्। घटना देखापरेपछि परिवारले तुरुन्त स्वास्थ्यकर्मीलाई जानकारी गराए। प्रारम्भिक मूल्यांकन गर्दा किशोरीको मानसिक अवस्था सामान्य देखियो, तर दायाँ पक्षको स्नायु कमजोरी र शरीरको एक पक्षमा नियन्त्रण गुमाउनु स्पष्ट थियो। स्वास्थ्यकर्मीहरूले घरमै प्रारम्भिक जाँच गरे र थप परीक्षणका लागि स्वास्थ्य संस्थामा रेफर गरे। स्वास्थ्यकर्मीहरूले किशोरीको पछिल्लो स्वास्थ्य इतिहास, हालसालैको ज्वरो वा संक्रमण स्थिति, र जोखिमपूर्ण सम्पर्कबारे जानकारी संकलन गरे। स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीले विरामीको दिसाको नमुना संकलन गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला काठमाडौमा पठाउने व्यवस्था मिलाए। यसका साथै परिवारलाई घरमा सुरक्षा अपनाउन, आराम गर्न, र स्वास्थ्य संस्थासँग नियमित अनुगमन गर्न सल्लाह दिइयो।

**घटना ६**

असार महिनाको पहिलो हप्तामा अछाम जिल्लाको मंगलसेन नगरपालिकाको वडा नं. ६ मा २५ वर्षका एक युवकलाई अचानक उच्च ज्वरो, शरीरमा कम्पन, र सही तरिकाले कुरा गर्न नसक्ने अवस्था देखा पर्यो। परिवारका सदस्यहरूले उनलाई नजिकको स्वास्थ्य संस्थामा लगेर गए। स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीले जाँच गर्दा युवकको मानसिक अवस्था र चेतनाको स्तरमा परिवर्तन आएको पाईयो। ज्वरो १०३ डिग्री फरहेनाईट रहेको थियो। परिवारको जानकारी अनुसार, युवक केही दिनअघि अन्य जिल्लामा यात्रा गरेका थिए र उक्त स्थानमा केही दिन अघि उस्तै प्रकृतिको रोगको महामारीको समाचार आएको थियो। स्वास्थ्यकर्मीले युवकलाई पारासिटामोल ईन्जेक्सन दिएर माथिल्लो तहको अस्पतालमा रेफर गरे।

**घटना ७**

चैत्र महिनाको पहिलो हप्तामा सप्तरी जिल्लाको छिन्नमस्ता गाउँपालिकाको वडा नं. ८ मा स्थानीय एक विद्यालयका केही विद्यार्थीहरूमा अचानक ज्वरो र आखाँमा पहेँलो रंग जस्ता लक्षणहरू देखियो। गाउँको स्थानीय स्वास्थ्य संस्थामा एकैदिन ६ जना विद्यार्थीहरू यस्ता लक्षणहरू लिएर आईपुगे जसमा ३ जना बालबालिका र ३ जना किशोर थिए। प्रभावित विद्यार्थीहरू एउटै गाउँ र टोलका थिए। स्वास्थ्यकर्मीहरूले विद्यार्थीहरूका परिवारसँग जानकारी संकलन गर्दा उक्त टोलमा प्रयोग हुने मुख्य खानेपानीको धारामा केही दिन अघि धमिलो पानी आएको बताईको छ। स्वास्थ्यकर्मीहरूले विद्यालय तथा गाउँ टोलमै गई थप बिरामीहरू रहेको नरहेको खोजपड्ताल गरे र खोजपड्ताल गर्दा थप ४ जना बिरामी सोही प्रकृतिका रहेको पाईयो। स्वास्थ्यकर्मीले बिरामीहरूलाई आराम, पर्याप्त तरल पदार्थ सेवन, र लक्षण निगरानी गर्न सल्लाह दिए। साथै, विद्यालय प्रशासन र समुदायलाई सफा पानी प्रयोग गर्ने, सरसफाइमा ध्यान दिने, र बिरामी देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा पुग्ने बारे सचेत गराइयो।

**घटना ८**

माघ महिनाको दोस्रो सातामा अर्घाखाँची जिल्लाको सन्धिखर्क नगरपालिकाको वडा नं. ४ मा ५५ वर्षका एक पुरुषलाई ७ दिन ज्वरो, खोकी, र सास फेर्न गाह्रो हुने लक्षण देखिएपछि स्थानीय स्वास्थ्य चौकीमा ल्याइयो। स्वास्थ्यकर्मीले जाँच गरी हेर्दा उक्त विरामीमा अक्सिजनको कमी देखियो र स्वास्थ्य कर्मीले अस्पतालमा भर्ना गर्नुपर्ने सल्लाह दिई माथिल्लो तहको अस्पतालमा रेफर गरे। साथै परिवारलाई घरमा संक्रमणको सम्भावना, आराम, र आवश्यक स्वास्थ्य सतर्कता अपनाउन सल्लाह दिए।

अनुसूची २

## कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धी जानकारी



# कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ अनुसार

पद, शक्ति वा अधिकारको दुरूपयोग गरी, कुनै पनि दवाब, प्रभाव, प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा देहायका कुनै कार्य गरे वा गराएमा यौनजन्य दुर्व्यवहार गरेको मानिनेछ :

क) यौनजन्य आशयले कुनै अङ्गमा छोए वा छुने प्रयास गरेमा ।

ख) अश्लील तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रव्य, दृश्य, अन्य सूचना प्रविधि, साधन, वस्तु वा सामग्री प्रयोग वा प्रदर्शन गरेमा ।

ग) लेखेर, बोलेर वा इशाराले अश्लील तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा ।

घ) यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गरेमा ।

## सजाय :

१) कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको ठहरेमा निजलाई कसूरको प्रकृति हेरी छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

२) कुनै व्यवस्थापकले ऐन बमोजिम दायित्व वा अन्य व्यवस्था पालना नगरे तथा उजुरी सुन्ने अधिकारी वा निरिक्षण वा अनगुमन गर्ने/गराउने निकायको निर्देशन व्यवस्थापकले पालना नगरे पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

३) कसैले गुनासो र उजुरी, पीडित, प्रतिवादी र साक्षीको पहिचान र ऐन बमोजिम भएको सुनुवाई र कारवाही गोप्य हुनेछ । यस विपरीत काम गरेमा छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ । सजाय पाएको व्यक्तिले सोही गतिविधि पुनः गरेमा पटकै पिच्छे दोब्बर सजाय हुनेछ ।


५) जानाजान झुट्टा उजुरी दिएमा दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

## गुनासोको सुनुवाई

ऐनले आन्तरिक र वाह्य गुनासो सुनुवाई प्रक्रियाको व्यवस्था गरेको छ ।

आन्तरिक गुनासो सुनुवाई रोजगारदाता वा व्यवस्थापक र वाह्य गुनासो सुनुवाई जिल्ला प्रशासन अधिकृतले हेर्दछ ।




यो तालिम / कार्यक्रममा तपाई माथि कुनै पनि यौन दुराचार भएमा अथवा अरुमाथि भएको देख्नुभएमा, सुन्नुभएमा वा शंका लागेमा कृपया उल्लेखित निकायहरुमा सम्पर्क गरेर तुरुन्तै उजुरी गर्नुहोस् ।

- १०० नेपाल प्रहरी
- ११४५ खबर गरौं हेल्पलाईन
- १०९८ बाल हेल्पलाईन
- ११७७ मानव बेचबिखन अनुसन्धान ब्युरो हेल्पलाईन
- ११६६ आत्महत्या रोकथाम राष्ट्रिय हेल्पलाईन

**नोट : विस्तृत जानकारीका लागि कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ पढ्नुहोस् ।**

## सामग्री निर्माणमा योगदान पुऱ्याउनुहुने महानुभावहरूको नामावली

१. डा. केशर बहादुर ढकाल, महानिर्देशक, स्वास्थ्य सेवा विभाग

२. डा. टंक प्रसाद बाराकोटी, पूर्व महानिर्देशक, स्वास्थ्य सेवा विभाग

३. डा. रोशन न्यौपाने, निर्देशक, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

४. डा. भीमप्रसाद सापकोटा, महाशाखा प्रमुख, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

५. डा. चन्द्रभाल झा, प्रमुख कन्सल्टेन्ट डर्माटोलोजिष्ट, कोशी अस्पताल

६. चेतननिधि वाग्ले, वरिष्ठ जनस्वास्थ्य प्रशासक, राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र

७. हेमराज पाण्डे, जनस्वास्थ्य प्रशासक, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

८. लक्ष्मी पाण्डे, बरिष्ठ कम्युनिटी नर्सिङ् अधिकृत, ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

९. रामचन्द्र चौलागाईं, तथ्याङ्क अधिकृत, ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

१०. कोशल चन्द्र सुवेदी, जनस्वास्थ्य निरीक्षक, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

११. अभिलाषा गुरुङ्, स्वास्थ्य विशेषज्ञ, युनिसेफ नेपाल

१२. अनिष शर्मा उप्रेती, परामर्शदाता, युनिसेफ नेपाल

१३. जनक थापा, कार्यकारी निर्देशक , PHRD Nepal

१४. राजकुमार संग्रौला, कार्यक्रम प्रवन्धक, PHRD Nepal

१५. सुशान्त लुइँटेल, एसबिसि एंड अनुसन्धान अधिकृत, PHRD Nepal

१६. सुश्मिता पाण्डे, कार्यक्रम अधिकृत, PHRD Nepal

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

## सहयोग

PHRD Nepal

unicef for every child

The Pandemic Fund
FOR A RESILIENT WORLD

नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

स्वास्थ्य सेवा विभाग

## इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

टेकु, काठमाडौं